# गरीबमुखी जलविद्युत आयोजना - संक्षिप्त जानकारी

## सामान्य परिचय

गरीबमुखी जलविद्युत आयोजना (पी.पी.एच.पी.) भनेको एउटा त्यस्तो परिकल्पना हो जसले ग्रामीण गरीब जनतालाई आफ्नो जल सम्पदाको नाफामुखी स्वामित्व प्रदान गर्न सहजीकरण गर्छ । यसका लागि व्यावसायिक रुपमा नाफा र सामाजिक पर्यावरणीय दृष्टिकोणले स्वीकार्य जलविद्युत आयोजनाको निर्माण तथा संचालनमा स्थानीय समुदायका गरीब व्यक्तिहरुलाई मुख्य रुपमा संलग्न गराई त्यस आयोजनामा उपलब्धिमुलक स्वामित्व प्रदान गर्दछ । उपलब्धिमुलक स्वामित्व भन्नाले त्यस आयोजनाको सेयर आर्जन गरी प्राप्त हुने लाभांस आफ्ना अन्य आय स्रोतसँग तुलनात्मक रुपमा ठिकै हुने बुझिन्छ । यस्तो उपलब्धिमुलक स्वामित्व दुई प्रकारबाट प्राप्त गर्न सकिन्छ । पहिलो, गरीब जनताले सानो आकारको आयोजनामा बहुमत स्वामित्व हाँसिल गरेर ( पूर्ण प्रक्रिया/पद्दति) वा दोस्रो, कुनै ठूलो आकारको आयोजनामा सानो हिस्साको मात्र स्वामित्व हाँसिल गरेर ( मिश्रित प्रक्रिया) ।

**पी.पी.एच.पी. भनेको के होइन**

पी.पी.एच.पी. नेपालको ग्रामीण भेगमा हुने लघु जलविद्युत भन्दा फरक छ । लघु जलविद्युत, सानो परियोजना (१०० किलोवाट भन्दा कम) हुनुका साथै यसको मुख्य लक्ष्य व्यावसायिक नभई सामाजिक सेवा हो किनभने लघु जलविद्युतबाट आर्थिक लाभ न्युन हुने संभावना छ । जबकि, पी.पी.एच.पी. को मुख्य लक्ष्य भनेको विद्युतिकरण नभई स्थानीय समुदायलाई आय प्रदान गर्नु हो ।

## विगतमा जलविद्युत विकासमा भएका लगानीको परिणाम



चित्र नं. १: संभावित गरीबमुखी जलविद्युत आयोजनाको लागि अध्ययन भइरहेको २० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजना स्थल, लमजुङ्ग

दुई पक्षिय दातृ संस्थाहरु र अन्तर्राष्ट्रिय गैह्र-सरकारी संस्थाहरुले नेपालको जलविद्युत विकासमा ठूलो सहयोग पुऱ्याएका छन् । देशका अधिकांश शहरी क्षेत्रहरु अन्दाजी ६०० मेगावाट पावर उत्पादन क्षमता भएको राष्ट्रिय विद्युत प्रशारण लाइनबाट जोडिएका छन् । तर ग्रामीण भेगका अधिकांश नेपालीहरु यो सुविधाबाट बञ्चित छन् । यस स्थितिलाई सम्बोधन गर्न सरकारी अनुदान सहित सानो तथा मझौला खालका अफ्–ग्रिड (विद्युत प्रशारण लाइन) ऊर्जा विकासको क्षेत्रमा धेरै प्रयासहरु भइरहेका छन्[१] ।

राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोडिएका केही जलविद्युत आयोजनाहरु व्यावसायिक हिसाबले विकास भएका छन् जुन राम्ररी डिजाइन र निर्माण हुँदा राम्रो नाफामुलक सावित भएका छन् जसको कारणले धनी नेपाली तथा विदेशी लगानीकर्ताहरुले नेपालको जलविद्युत विकासबाट भरपुर फाइदा उठाइराखेका छन् ।

अर्को तिरबाट हेर्दा, दातृ संस्थाहरु र अन्तर्राष्ट्रिय गैह्र-सरकारी संस्थाहरुको जलविद्युत विकासको प्रयासबाट ग्रामीण गरीब जनतालाई खासै फाइदाजनक भएको

१ वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र यसका लागि जिम्मेवार निकाय हो ।

देखिएन, बरु धनीहरुलाई नै बढी फाइदा भएको देखियो । तर मननयोग्य कुरा के पनि छ भन्दा त्यस्तो जलविद्युत विकासको क्रममा तथा पछाडि, त्यस आयोजनाका छेउछाउका ग्रामीण जनताले केही आकर्षक उपलब्धिहरु पनि हाँसिल गरेका छन्[२] जस्तैः- ग्रामीण विद्युतीकरण, केही भौतिक विकास (बाटो, खानेपानी, पुल-पुलेसा आदि), केही रोजगारी, केही क्षमता अभिवृद्धि, सिंचाई आदि इत्यादि । समग्रमा जलविद्युत विकासले नेपालको अर्थतन्त्र र विद्युत आपुर्तिको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याएको भए तापनि आफ्नो गाउँठाउँको खोला-नालाबाट उत्पादन हुने आर्थिक लाभमा गरीबहरुको पहुँच अझ वढी भएको भए यस्ता आयोजनाहरुले उनीहरुको आधारभूत आवश्यकता पुर्ति गर्न ठूलो टेवा पुग्ने थियो । यस्ता आयोजनाहरुमा स्थानीय गरीब समुदायका व्यक्तिहरुलाई लाभांशको स्वामित्वको हिस्सेदार नबनाएसम्म यस्ता आयोजनाले सरकारको गरीबी निवारणको योजनालाई टेवा दिने भन्दा पनि ग्रामिण गरीब र शहरी धनी बीचको आर्थिक भिन्नतालाई बढाउन मात्र सहयोग गर्नेछ । यही विषयलाई गरीबमुखी जलविद्युत आयोजना (पी.पी.एच.पी.) ले सम्बोधन गर्न खोजेको छ ।

**तर ग्रामीण गरीबले उपलब्धिमूलक स्वामित्व कसरी हाँसिल गर्छन् ?**




चित्र नं. २: स्थानीय गरीबले आयोजनामा सेयर पाउने विधि

जलविद्युत आयोजनाको निर्माणाकोक्रममा ग्रामीण गरीब जनताले गर्ने श्रमको गुणाङ्कको आधारमा नै उनीहरुले त्यस आयोजनाको उपलब्धिमूलक स्वामित्व हासिल गर्दछन। प्रायः नेपालका ग्रामीण गरीब जनतासँग आफ्नो श्रम पसिना बाहेक अरु लगानी गर्ने स्रोत/क्षमता हुदैन । त्यसै हुनाले पी.पी.एच.पी. ले जलविद्युत आयोजनाको निर्माणमा स्थानीय गरीब जनताहरुको सहभागिता अत्यधिक बढाई उनीहरुको श्रमलाई ज्याला (नगद) र शेयर (स्वामित्व) दुवैमा रुपान्तरण गर्नेछ। आयोजनामा श्रम दिने श्रमिकले आफ्नो दैनिक प्राप्त हुने ज्यालाबाट केही अंश शेयरको लागि परित्याग/लगनी गर्नु पर्नेछ ।

त्यस्तो परित्याग गरिएको श्रम लगानीलाई थप अनुदान तथा सरल कर्जाद्वारा गुणन गरिन्छ । श्रम गरी कमाइएका प्रत्येक शेयर वापत थप एक शेयर विभिन्न दातृ संस्था वा अन्य निकायको अनुदानबाट प्राप्त गर्न सकिन्छ । त्यसै गरी श्रम लगानी तथा अनुदानबाट प्राप्त शेयरको एक देखि दुई गुणा वढी शेयर प्राप्त गर्न सरल कर्जाको व्यवस्था गरिने छ, जुन शेयरलाई डिवेन्चरको रुपमा लगानी गर्न सकिने छ। डिवेन्चरमा लगानी गर्दा आफ्नो लगानीको केही अंशको प्रतिफल आयोजना चालु भएको प्रथम वर्ष देखि नै आउने हुँदा स्थानीय गरीब लगानीकर्ताहरुलाई उपयुक्त हुने देखिन्छ । अरु देश र आयोजनाहरुले जस्तै जलविद्युत आयोजना पनि शुरुवातका केही वर्ष सम्म लाभांस वाड्न असमर्थ हुन सक्छन् वा वाँडि हाले पनि त्यो अत्यन्तै न्यून हुन्छ । ग्रामीण गरीब जनताहरुलाई आफ्नो लगानीको प्रतिफल पाउन धेरै वर्ष कुर्नुपर्ने स्थिति पक्कै आकर्षक हुँदैन । श्रम परित्याग, अनुदान तथा सरल कर्जाको वास्तविक संतुलन भने आयोजनाको वास्तविक स्थानीय श्रम आवश्यकतामा निर्भर गर्दछ । सामान्यतया अनुदान सुविधा कुल आयोजना लागतको १५% भन्दा कम हुन्छ ।

आयोजना क्षेत्रका स्थानीय धनीहरु (जो सामान्यतया आयोजनामा श्रम लगानी गर्न रुचाउँदैनन्) लाई पनि आफ्नो जलविद्युत आयोजनामा शेयर खरीद गर्ने मौका प्रदान गरिने छ ।

[२] वुटवल पावर कम्पनीको ५ मेगावाट आँधी खोला आयोजना स्थानीय समुदायलाई पुर्‍याएको योगदान वापत युनेस्को/आइ.एच.ए. ब्लु प्लानेट पुरस्कारबाट सम्मानित भएको छ ।

**यो आयोजना कार्यान्वयन कसरी हुन्छ ?**

पी.पी.एच.पी. अवधारणाको नमुना (modalities) को विस्तृत अध्ययन गर्न नमुना आयोजना लागु भइरहेको छ । यस नमुना आयोजनाबाट प्राप्त हुने ज्ञानहरु भविष्यका पी.पी.एच.पी. आयोजनामा लागु गर्दै अगाडि बढिने छ । यस जनताको लागि ऊर्जा तथा वातावरण विकास संस्था (पीडा) ले यो अवधारणा लागु गर्न नमुना विकास (modality development) को अध्ययन बुटवल पावर कम्पनीको अगुवाइमा विभिन्न लगानीकर्ताहरुद्वारा प्रवर्द्वित २० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजनामा गरिरहेको छ । पी.पी.एच.पी. यस जलविद्युत आयोजनाको एउटा सानो अंश मात्र हुनेछ जसले स्थानीय गरीब जनतालाई कम्पनीको ३% शेयर स्वामित्व पाउन सहजीकरण गर्नेछ, जुन पी.पी.एच.पी.को मिश्रित प्रक्रिया (dilute approach) हो ।

यो बाहेक अरु पनि आयोजनाहरु अध्ययनका क्रममा छन् जस्तो कि १ मेगावाट क्षमताको व्यामदाङ्ग खोला आयोजना, रसुवा । यो आयोजना चाहिं पूर्ण प्रक्रिया (pure approach) अनुसार विकास गरिने छ ।

**यस पी.पी.एच.पी. आयोजनाका साझेदार को को हुन् ?**

नेपाली गैह्र सरकारी संस्था "पीडा" यस पी.पी.एच.पी. आयोजनाका मुख्य समन्वयकर्ता संस्था हो । विभिन्न दातृ तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुसँग पीडाको क्षमता अभिवृद्धि सम्बन्धि सम्झौताहरु भएका छन् । यस पी.पी.एच.पी. आयोजनाका लागि एक उपयुक्त स्थानीय साझेदार संस्था मार्फत यस अवधारणाको सचेतना कार्यक्रम र समुदाय परिचालन गरिने छ । यस न्यादी आयोजनाको व्यावसायिक जलविद्युत विकासकर्ता संस्था न्यादी जलविद्युत कम्पनी हो जो बुटवल पावर कम्पनी तथा लम्जुङ्ग विद्युत विकास कम्पनीद्धारा प्रवर्द्धन गरिएको छ । यस जलविद्युतको व्यावसायिक विकास गर्ने जिम्मेवारी न्यादी जलविद्युत कम्पनीको हो । (हेर्नुहोस् चित्र नं. ५)

**स्थानीय समुदाय कसरी सहभागी हुन्छन् ?**



चित्र नं. ३: समुदायलाई गरीबमुखी जलविद्युत आयोजनाको जानकारी गराइँदै

पी.पी.एच.पी.को सबैभन्दा ठूलो चुनौती भनेको आयोजनाको प्राविधिक पक्ष होइन, त्यो हो स्थानीय जनताको अत्यधिक सक्रिय सहभागिता । यस आयोजनामा स्थानीय साझेदार संस्थाले स्थानीय स्तरमा जनचेतना अभिवृद्धि, समुदायिक संस्थाहरु गठन, आदि कामहरु गर्नेछन् र यस्ता संस्थाहरुसँग निकट रुपमा छलफल गरी "स्थानीय गरीब" को विवादरहित परिभाषा दिने छन् जसअनुसारै तिनीहरु श्रम लगानी, अनुदान सहयोग र सरल कर्जा सुविधाका लागि योग्य ठहरिन्छन् । त्यसै अनुरुप विभिन्न तालिममा सहभागी हुनेछन् जसले गर्दा ती व्यक्तिहरुको क्षमता अभिवृद्धि भई आयोजना निर्माणमा आवश्यक योगदान दिन सक्नेछन् ।

पी.पी.एच.पी. आयोजनाको सफलतामा स्थानीय गरीब वाहेक अन्य स्थानीय समुदायको सहभागिता पनि जरुरी छ । त्यस्ता स्थानीय जनताहरुलाई पनि आयोजनामा आर्थिक लगानी गर्न निमन्त्रणा दिइनेछन् । सामुदायिक संस्था गठनको माध्यमबाट महिलाको सहभागिता र सशक्तिकरण सुनिश्चित गरिनेछ । सामुदायिक संस्थाहरुमा कम्तिमा पनि ५०% महिला सहभागिताको लक्ष्य आयोजनाले राखेको छ ।

स्थानीय समुदायको क्षमता अभिवृद्धि गरी गठित सामुदायिक संस्थाहरु मार्फतै आफ्ना माग तथा आवश्यकता बमोजिम अरु सामुदायिक विकास निर्माणका कामहरु शुरुवात तथा संचालन गर्न प्रेरित गरिने छन् । यसमा

स्थानीय साझेदार संस्थाको ठूलो भुमिका हुनेछ । समुदाय परिचालन सम्बन्धि सम्पूर्ण कार्यहरु स्थानीय साझेदार संस्थासँग मिलेर तय गरिने छन् ।

## आयोजनाका मुख्य लक्ष्य तथा उपलब्धिहरु

यो पी.पी.एच.पी. मुख्य लक्ष्य भनेको ग्रामीण गरीब जनतालाई जलसम्पदाको नाफामुखी स्वामित्व प्रदान गर्न सहजीकरण गरी आय आर्जन गराउनु हो ।

यस आयोजनाको मुख्य उपलब्धि भनेको कुनै एक समुदायको एक ठूलो हिस्सा, मुख्यतः समुदायका गरीबहरु, सँग त्यस क्षेत्रमा अवस्थित जलसम्पदाको प्रयोग गर्ने नाफामुखी जलविद्युत आयोजना बनाउने कम्पनीको उपलब्धिमूलक स्वामित्व हासिल हुनेछ । त्यस वापत समुदायले लाभांसको माध्यमबाट निरन्तर र दीर्घकालिन आय आर्जन गर्नेछ । यसको साथ-साथै अरु धेरै उपलब्धिहरु पनि हासिल गर्नेछन् - जस्तैः- विभिन्न सामाजिक तथा आर्थिक सवालहरुमा जनचेतना अभिवृद्धि, तालिम, निर्माणको समयमा रोजगारी, पूर्वाधार विकास, केही ग्रामीण विद्युतीकरण (जुन आयोजनाको मुख्य लक्ष्य होइन), स-साना घरेलु उद्योग गर्न क्षमता अभिवृद्धि, आदि इत्यादि ।



चित्र नं. ४: रसुवामा गरिएको सामुदाय भेला

यदि यो नमुना सफल भएको खण्डमा यसलाई नेपालका अन्य स्थानहरुमा (र विदेशमा समेत) नक्कल गरी गरीबी निवारणमा ठूलै योगदान पुऱ्याउन सक्ने प्रबल संभावना छ ।

## आर्थिक सहयोगकर्ता

यस गरीबमुखी जलविद्युत आयोजनाको लागि आर्थिक सहयोग मुख्यतः नर्वेली सरकारको विकास निकाय (NORAD) बाट प्राप्त भएको छ । शुरुवाती चरणको नर्वेली हिमाल एसिया मिसन (Tibetmisjonen) बाट र अहिलेको चरणको आर्थिक सहयोग नर्वेली राजदुतावासबाट प्राप्त भइरहेको छ । अहिलेको चरणको आर्थिक सहयोग न्यादी जलविद्युतमा गरीबमुखी अवधारण लागु गर्न नमुना विकास (modality development) र प्रारम्भिक कार्यान्वयन (preparatory implementation) को लागि प्राप्त भएको छ । न्यादी जलविद्युत कम्पनीबाट पनि यस पी.पी.एच.पी. को लागि केही आर्थिक सहयोग प्राप्त भइरहेको छ ।

चित्र नं. ५: न्यादी जलविद्युत आयोजनाको सांगठनिक स्वरुप

